


# दोर्दी-१ जलविद्युत खबर

आषाढ २०७७, अंक ४०

दोर्दी–१ जलविद्युत आयोजनाको निर्माण कार्य निरन्तर रुपमा भईरहेको अवस्थामा Covid-19 कोरोनाको कारणले नेपाल सरकारद्धारा गरेको लकडाउनको प्रभाव अन्य विभिन्न क्षेत्रमा परे संगै यस आयोजनाको निर्माण कार्यमा पनि प्रतिकूल असर परेको छ, फलस्वरुप आयोजनाको निर्माण समय केही महिना लम्बिन सक्ने अनुमान गरिएको छ । नेपाल सरकारद्धारा विकास निर्माणका कार्यमा लकडाउन केहि मात्रमा खुकुलो पारे संगै स्थानिय निकाय तथा स्थानिय सरोकारवालाहरु संग नियामित रुपमा सहकार्य गरी निश्चित मापदण्डको आचारसंहिता बनाई आयोजनाको निर्माण कार्यमा केहि सहज वातावरणमा आंशीक रुपमा निर्माण कार्य गरी यसै लकडाउनमै आयोजनाको मिति २०७७ जेष्ठ २८ गते सुरुङ उत्खनन कार्य (tunnel Breakthrough) सम्पन्न भएको छ ।

आयोजनाको Headworks अन्तर्गत रहेको बाँध क्षेत्रको निर्माण कार्य हाल ९७ प्रतिशत सम्पन्न भईसकेको छ । सिभिल निर्माण कार्य अन्तर्गतको Gravel trap, Approach canal, Desander, र Settling basin को काम सम्पन्न भई forebay निर्माण कार्य निरन्तर भईरहेको छ । आयोजनाको बाँध मा Hydro Mechanical को कार्य अर्न्तगत Gate leaf/Hoist को Erection को कार्य निरन्तर रुपमा भईरहेको छ । यहि आगामी महिना सिभिल निर्माणको कार्य सम्पन्न गर्ने योजनाको साथ निर्माण कार्य भईरहेको छ ।



*आयोजनाको बाँध क्षेत्रको कार्य प्रगति ।*



*आयोजनाको **Headworks** क्षेत्रको झलक ।*

Hydro Mechanical कार्य अन्तर्गत रहेको Penstock को Civil कार्य अन्तर्गत Anchor Block को ढलान र Road crossing कार्य भईरहेको छ । आयोजना स्थलमा ७२० मिटर पेनस्टक पाइप ढुवानी भई जस मध्ये २२० मिटर पेन स्टक पाइप जडान भईसकेको छ र Bifurcation Assembly को ढलानको कार्य अन्तिम चरणमा पुगेको छ । Penstock Line Civil Work को भौतिक निर्माण कार्य ५५ प्रतिशत सम्पन्न भईसकेको छ ।



*आयोजनाको **Bifurcation** को जडान गर्ने कार्य गरिँदै ।*

विद्युत गृहको भौतिक संरचना निर्माण कार्य पनि तिब्र गतिमा भईरहेको छ । आयोजनाको Turbine/Transformer/Generator को Fabrication को कार्य सम्पन्न भई आयोजना पक्षबाट उक्त सामाग्रिको निरक्षणको कार्य गरी आयोजना स्थल सम्म उक्त सामाग्रिहरु ढुवानी पनि भईसकेको छ । त्यसैगरी Switchyard को Electrical उपकरणहरु आयोजना स्थलमा ल्याउने काम निरन्तर भईरहेको छ । यस आयोजनाको विद्युत गृहको प्रगति विवरणको मुल्याङकनको आधारमा ७३ प्रतिशत कार्य सम्पन्न भईसकेको छ ।



*आयोजनाको विद्युत गृह निर्माण गरिदै ।*

दोर्दी-१ जलविद्युत आयोजनाको नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सब स्टेसनसम्म लैजाने प्रसारण लाइन निर्माणको प्रसारण लाइनको टावर निर्माण गर्न आवश्यक पर्ने जग्गाहरुको खरिद गर्ने प्रकिया अन्तिम चरणमा पुगेको छ । टावरको फाउन्डेसन निर्माणका लागि सिभिल कार्य शुरु भई १३ वटा Tower को Foundation Excavation को कार्य सम्पन्न भई Foundation निर्माण को काम सम्पन्न भईसकेको छ । आयोजनाको Transmission line कार्य अर्न्तगत Tower, Conductor, Insulator, तथा अन्य आवश्यक सम्पुर्ण सामाग्रिहरु कार्य स्थलमा ल्याउने कार्य निरन्तर भईरकेको छ ।



***Transmission line Foundation* निर्माण को कार्य गरिदै ।**

यस आयोजनाको सुरुङमा जोडिने Underground Surge Tank को निर्माण कार्य भईरहेको छ । ३५ मिटर Underground Surge Tank रहेको १० मिटर जसमा उत्खनन कार्य भईसकेको छ र उत्खननको कार्य निरन्तर भईरहेको छ ।




*आयोजनाको सर्जटयाङ्क क्षेत्र ।*

दोर्दी-१ जलविद्युत आयोजनाको विद्युत राष्ट्रिय प्रसारण ग्रीडमा जोड्न आवश्यक नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सब स्टेसनको निर्माण कार्य पनि तीब्र गतिमा अघि बढिरहेको छ । यसका साथै प्रसारण लाइनका टावरहरुको निर्माणका लागि फाउन्डेसन निर्माण कार्य पनि नेपाल विद्युत प्राधिकरणले अघि बढाएको छ ।



*किर्तिपुर सबस्टेसनको निर्माणधिन कार्य प्रगति ।*





**सम्पादक : कृतिका भट्ट**
**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**
**त्रिपुरेश्वर, काठमाडौं**
**फोन नः ९७७ - ०१ ४२३२७५०**
**वेबसाइटः www.dordikhola.com.np**